# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टङ्गाल, काठमाडौं

मिति: २०८२।०९।२२ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

जिल्ला उदयपुर, त्रियुगा नगरपालिका, वडा नं. १ स्थित श्री जागृति महिला सामुदायिक वन उपभोक्ता समितिका अध्यक्ष र सचिव समेतको मिलेमतोमा वन उपभोक्ता समूहको कोषको रकम हिनामिना गरेको भन्नेसमेत व्यहोराको प्राप्त उजुरीको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला उदयपुर, त्रियुगा नगरपालिका, वडा नं. १ स्थित जागृति महिला सामुदायिक वन उपभोक्ता समूहका तत्कालीन अध्यक्ष मिना कुमारी चौधरी, सचिव जानकी कुमारी चौधरी, कोषाध्यक्ष निलम चौधरी थारु र लेखापरीक्षक तनुक लाल चौधरीको मिलेमतोमा बदनीयतपूर्वक जागृति महिला सामुदायिक वन उपभोक्ता समूहको भवन निर्माण लगायतका कार्यमा कम खर्च भएको थाहा जानकारी हुँदाहुँदै उपभोक्ता समूहको सार्वजनिक सम्पत्ति हानिनोक्सानी दुरुपयोग गरी निजी स्वार्थ पूरा गर्न बढी खर्चका बिल भरपाई देखाई सोही बमोजिम विल भरपाई तयार गरी गराई आ.व. ०७७।७८ मा सामुदायिक वनको भवन निर्माणमा प्राबिधिक प्रतिवेदनबाट रु.४,९५,२५१/७३ खर्च भएको देखिएकोमा लेखापरीक्षण प्रतिवेदनमा रु.८,०८,४५३।३१ खर्च भएको भनी उल्लेख गरी **रु.३,१३,२०१।५८** हिनामिना गरेको देखिएको, वन पैदावार संकलन खर्च सामुदायिक वन समूहको मिति २०७८/०९/०९ को साधारण सभाबाट रु.२,३७,८४३।०० अनुमोदन भएकोमा प्रतिवादीहरुले लेखापरीक्षण प्रतिवेदनमा रु.३,५४,६२४।- खर्च देखाई **रु.१,१६,७८१।-** हिनामिना गरेको देखिएको, वन समूहका उपभोक्ताहरुलाई ग्यांस सिलिण्डर वितरण खर्च स्थलगत जाँचबुझ प्रतिवेदनबाट रु.५,०९,२००।- पुष्टि भएकोमा प्रतिवादीहरुले लेखापरीक्षण प्रतिवेदनमा रु.५,१६,९२०।- खर्च भएको देखाई **रु.७,७२०।-** हिनामिना हानिनोक्सानी गरेको देखिएको, हुँदै नभएको सडक ग्राभेलको काम भए गरेको भनी खर्च देखाई **रु.७७,६००।-** हिनामिना गरी कुल जम्मा रू.५,१५,३०२।५८ (पाँच लाख पन्ध्र हजार तीस सय दुई रूपैंया अन्ठाउन्न पैसा) बरावर संस्थाको सार्वजनिक सम्पत्तिको हिनामिना हानिनोक्सानी गरेको देखिएको, दर्तावाला लेखापरीक्षक तनुक लाल चौधरीले जागृति महिला सामुदायिक वन उपभोक्ता समूहको आ.व. २०७६।०७७ र आ.व. २०७७।०७८ को बार्षिक लेखापरीक्षण गरेको देखिएकोले आ.व. २०७७।०७८ को लेखापरीक्षण गर्दा भवन निर्माण, काठ संकलन, उपभोक्ता समूह सदस्यहरुलाई ग्यांस सिलिण्डर बितरण तथा बाटो ग्राभेल खर्चमा नापी किताव तथा अन्य विल भरपाई नहेरी प्रतिवादीहरुसँग मिलेमतो गरी व्यवसायिक आचार संहिता एवं आचारण विपरीत जानी जानी नभए नगरेका कुरा भए गरेको देखाई र भए गरेका कुरा नभए नगरेको देखाई सार्वजनिक सम्पत्तिको हिनामिना हानि नोक्सानी तथा दुरुपयोग गर्ने गराउने उद्देश्यले लेखापरीक्षण प्रतिवेदन पेश गरेको देखिंदा निज प्रतिवादीहरुको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिमको कसुर भएकोले निजहरु उपर देहाय बमोजिमको कसुरमा देहाय बमोजिम सजाय हुन मागदाबी लिई आज विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

**देहाय**

| सि.नं | नामथर, पद र कार्यालय | बिगो रु. | कसुर तथा सजायको मागदाबी |
|---|---|---|---|
| १. | जागृति महिला सामुदायिक वन उपभोक्ता समूहका अध्यक्ष **मिना कुमारी चौधरी,** सचिव **जानकी कुमारी चौधरी** र | रु.५,१५,३०२।५८ | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा बिगो रु. पाँच लाख पन्ध्र हजार तीस सय दुई रूपैंया अन्ठाउन्न पैसा कायम गरी सोही दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (ङ) तथा भ्रष्टाचार निवारण ऐन, |

| | | | |
|---|---|---|---|
| | कोषाध्यक्ष **निलम चौधरी थारू** | | २०५९ (संशोधन सहित) को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद र सोही ऐनको दफा ३ उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना गरी सोही ऐनको दफा १७ बमोजिम बिगो असुल उपर हुन मागदाबी लिइएको छ। |
| २. | दर्तावाल लेखापरीक्षक **तनुक लाल चौधरी** | - | भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १९ उपदफा (१) बमोजिमको कसुरमा सोही ऐनको दफा १९ को उपदफा (१) बमोजिम कैद र जरिवानाको सजाय हुन मागदाबी लिइएको छ। |

प्रवक्ता
सुरेश न्यौपाने